# गोरखा नेपलीज कल्याणकारी समाज युकेको

# बिधान बि.स.@२०६४

(तेस्रो महाधिबेसनले २०११ द्धारा देवानागरीमा परिमार्जित र

पाँचौ महाधिबेसनले २०१७ ले नाम परिबर्तन)

# Constitution of
# Gurkha Nepalese Welfare Society, UK- 2007

**(Revised in Devnagari by 3rd Convention 2011, name changed on 5th Convention 2017, revised 0n 8th AGM 2018 & 6th Convention 2020)**

**प्रस्तावना:**

सन् १९६२ साल देखि बेलायतमा ब्रिटिस गोरखा सैनिकको माध्यमबाट वीर गोर्खानेपालीहरू र अन्य नेपालीहरू बिभिन्न माध्यमबाट@आवत जावतको कारण सन २००४ बाट भुतपूर्व गोरखा सैनिक साथै परिवार तथा अन्य नेपाली सहित लण्डन अन्तरगत नोर्थवेष्ट लण्डनमा@आई, स्थाई वा अस्थाई रूपमा बसोवास गर्दै आएको हुदा सन् २००७ मा भुतपूर्व गोरखा सैनिकहरूको भेलाले एक संस्थाको आवश्यक्ता महसुस गरि संस्था स्थापना गर्ने निर्णय गऱ्यो । सन २००७ मा नै गोरखा वेलफेयर सोसाईटी यु.के.(Gurkha Welfare Society, UK) नामाकरण गरि यो संस्थाको तेश्रो महाअधिवेसन २०११ ले देवानागरीमा परिमार्जन गरि अनुमोदन गरिएको विधान बि.स.@२०६४ र पाँचौ महाधिबेसन २०१७ ले गोरखाको पछाडी नेपलीज नाम थप गरी संसोधन गरीएको ।

## परिच्छेद १

## संक्षिप्त नाम र प्रारम्भ:

(क) संस्थाको नाम "गोरखा नेपालीज#वेलफेयर सोसाईटी यु.के." छोटकरीमा "गो.ने# वे.सो.यु.के." र अंग्रजीमा Gurkha Nepalese#Welfare Society, UK छोटकरीमा "GN#WSUK" रहिआएको हुनाले, यहि कायम रहने छ ।

## परिच्छेद २

## परिभाषा:

क) बिषय वा प्रसंगले अर्को अर्थ नलागे सम्म "विधान" भन्नाले गोरखा नेपालीज#वेलफेयर सोसाईटी यु.केको बिधान २०६४,अर्थात"Constitution of Gurkha Nepalese# Welfare Society, UK-2007" भनि जनाउने छ ।

(ख) "बैठक"भन्नाले गोरखा नेपालीज#वेलफेयर सोसाईटी यु.केको विधानले निर्देश गरेको बैठकलाई जनाउने छ ।

(ग) "सम्मेलन" भन्नाले GN#WSUK को वार्षिक सभालाई जनाउने छ ।

*छैटौ बार्षीक साधरण सभा २०१५ मा संसोधन गरीएको । #पाँचौ महाधिबेसनले संसोधन गरीएका @आठौ बार्षिक साधरण सभा २०१८ मा संसोधन गरीएको

(घ) “महाधिवेशन” भन्नाले GN#WSUK को प्रतिनिधिहरूको प्रत्येक तिन वर्षमा हुने सभालाई जनाउने छ ।

(ङ) “निर्वाचन समिति” भन्नाले बिधान अनुसार हुने कार्यक्रममा समितिको निर्वाचन गर्नको लागि गठन गरिएको निर्वाचन समितिलाई बुझाउने छ ।

(च) “समिति” भन्नाले GN#WSUK को समितिलाई बुझाउने छ ।

(छ) “उपसमिति” भन्नाले GN#WSUK को उदेश्य प्राप्तिका लागि कुनै पनि अवस्थामा कुनै कार्यहरू कार्यबन्वयन गर्नको निमित्त गठन गरिएको समितिलाई बुझाउने छ ।

(ज) “अधिकार” भन्नाले समितिको बैठकको निर्णयबाट कुनै उपसमिति@लाई कुनै कार्यको लागि जिम्मेवारी दिएर काम गर्न लगाएको आधिकार बुझाउद छ ।

(झ) “संस्था” भन्नाले गोरखा नेपालीज#वेलफेयर सोसाईटी यु.के.लाई जनाउने छ ।

## परिच्छेद ३

## संस्थाको कार्यलय:

यस संस्थाको कार्यलय सम्वन्धित संस्थाको आवश्यकता र आर्थिक हेरि समितिको निर्णयबाट ब्यावस्था गर्ने अधिकार समितिलाई नै हुने छ ।

## परिच्छेद ४

## संस्थाको लोगो, छाप, झण्डा,सपथग्रहण, सदस्यता फाराम र निबेदन फाराम@

(क) संस्थाको लोगो अनुसुचि एकमा उल्लेख भए बमोजिम हुने छ ।

(ख) संस्थाको छाप अनुसुचि दुई बमोजिम हुने छ ।

(ग) संस्थाको झण्डा अनुसुचि तिन बमोजिम हुने छ ।

(घ) संस्थाको सपथ ग्रहनको नमुना अनुसुचि चार बमोजिम हुने छ ।

(ङ) संस्थाको सदस्यता फारामको नमुना अनुसुचि पाँच बमोजिम हुने छ ।@

#पाँचौ महाधिवेसनले संसोधन गरीएका @आठौ वार्षिक साधरण सभा २०१८ मा संसोधन गरीएको

(च) संस्थाको निबेदन फारामको नमुना अनुसुचि छ बमोजिम हुने छ ।@

## परिच्छेद ५

## उद्धेश्यः

(क) यो संस्था मुनाफा रहित, जनहितकारि सामाजिक संस्था हुने छ र संस्थाको लक्ष्यलाई पुरा गर्नको लागि नोर्थवेष्ट लण्डन@भरि अगाडि बढ्नको लागि प्रोत्साहन गर्ने ।

(ख) बेलायतमा स्थापना भएको बिभिन्न सामाजिक संघसंस्थाहरूसंग मित्रताको बिकाश र ऐक्यवद्धता कायम गरि नेपालीहरूको न्यायोचित हक अधिकारको लागि पहल गर्ने ।

(ग) बिभिन्न सांस्कृतिक र सामाजिक कार्यक्रम गर्ने र कार्यक्रमबाट संकलन भएको च्यारिटि रकम आवश्यक्ता हेरि सोही रकमबाट उद्धार कार्यको काम गरिने छ ।

(घ) यो संस्थाको साधारण सदस्यहरूको शाखा सन्तानहरूबाट अशल काम र कार्यहरूको मुल्याङकन गरि सम्मान र कदर गर्ने ।

(ङ) बहुसांस्कृतिक स्थानिय समुदायहरु भित्र नेपाली पहिचान र गोरखाली अस्तित्वलाई संशक्तिकरण गर्दै कला,संस्कार,सस्कृति,भाषा भेषभूषाहरुको संरक्षर संबर्द्धन गर्ने ।

(च) कुनै पनि संघ संस्था वा ब्यक्तिहरु मार्फत नेपालबारे सहयोगको निबेदन आए राष्ट्रिय स्तरको संकटकालिनलाई मात्र प्राथमिकता दिईने छ ।@

## परिच्छेद ६

## कार्यसमितिको संख्याः

यस संस्थाको कार्यसमिति कम्तिमा १५ सदस्य हुने छ । कार्यसमितिको कम्तिमा ३६% (छत्तिस प्रतिशत) महिलाहरु अनिबार्य हुनु पर्ने छ ।

(१) अध्यक्ष -१

(२) उपाध्यक्ष -२*

(३) महासचिव -१

*छैटौ बार्षीक साधरण सभा २०१५ मा संसोधन गरीएको ।@आठौ बार्षिक साधरण सभा २०१८ मा संसोधन गरीएको

(४) सचिव -१

(५) कोषाध्यक्ष -१

(६) सह-कोषाध्यक्ष -१

(७) सदस्य -८*

## परिच्छेद ७

## समितिको चयनः

समितिको चयन गर्ने अधिकार गोरखा नेपालीज#वेलफेयर सोसाईटी यु.के. (Gurkha Nepalese#Welfare Society, UK)को महाधिवेशनलाई हुने छ । महिलाहरुको हकमा कम्तिमा ३६%(छत्तिस प्रतिशत) कार्यसमितिमा चयन गर्ने अधिकार गोरखा वेलफेयर सोसाईटी यु.के.को महाधिवेशनलाई हुने छ ।

## परिच्छेद ८

## सल्लाहकार समितिः

यस संस्थाको सल्लाहकार आवश्यकता हेरी सल्लहाकार मनोनयन गर्ने अधिकार महाधिवेशनबाट बनेको कार्यसमितिलाई अधिकार हुने छ ।

## परिच्छेद ९

## सदस्यताको वर्गिकरणः

(क) गोरखा नेपालीज#वेलफेयर सोसाईटी यु.के.को बिधान स्वीकार गर्ने १८ बर्ष उमेर पुगेका बेलायत बासी नेपालीहरूले प्राप्त गर्न सक्ने छन् ।

(ख) साधारण सदस्यता ग्रहण गर्नको निमित्त प्रवेश शुल्क £१०.०० (दश पाउण्ड) प्रत्येक व्यक्तिलाई अनिवार्य लागु हुने छ ।

(ग) सदस्यको प्रकारः यस संस्थाबाट निम्न बमोजिमको सदस्यता प्रदान गरिने छ ।

*छैटौ बार्षीक साधरण सभा २०१५ मा संसोधन गरीएको ।@आठौ बार्षिक साधरण सभा २०१८ मा संसोधन गरीएको

१) साधारण सदस्य

२) आजिवन सदस्य

३) मानार्थ सदस्य

४) पदेन सदस्य

(घ) आजिवन सदस्यता प्राप्त गर्नको लागि £२००.००(दुईसय पाउण्ड) संस्थालाई सहयोग गरि ग्रहण गर्न सक्ने छ। *

(ङ) यस संस्थाको उद्धेश्य प्राप्तिको लागि उल्लेखनिय योगदान पुर्‍याउने ब्यक्तिलाई सम्मानित गर्दै मानार्थ सदस्यता प्रदान गरिने छ।

## परिच्छेद १०

## सदस्यता शुल्कः

(क) आजिवन@सदस्यता ग्रहण गरेको परिवार साथै ब्यक्तिले यस संस्थाको आजिवन सदस्यताको निमित्त ५०-५० पाउण्ड ४ किस्ता गरी एक बर्षमा चुक्ता गर्नु पर्ने छ।@

(ख) संस्थाको आजिवन सदस्यता शुल्क तोकिएको मिति भित्र भुक्तानि गरि सक्नु पर्ने छ। *

(ग) साधारण सदस्यता ग्रहण गरेको सदस्यहरूको हकमा ३ बर्षसम्म सदस्यता जिबित रहने छ, संकटकालिन अवस्थामा परिच्छेद १० को दफा "(ङ)" लागु हुने छ। *

(घ) यस संस्थाको आजिवन सदस्यता शुल्क चुक्ता गरि सकेको या खण्डखण्ड गर्दै तोकिएको मितिमा तिर्दै आएको छ भने मृत्यु भएको अवस्थामा आजिवन सदस्यको हकमा तत्काल रकम १०००+ पाउण्ड उपलब्ध हुने छ।@

(ङ) साधरण सदस्यको हकमा मृत्यु भएका अवस्थामा तत्काल रकम न्युनतम ५०० पाउण्ड उपलब्ध हुने छ र आवश्यक अनुसार कार्य समितिको बैठकले निणय गर्ने अधिकार हुने छ @

(च) यस संस्थाको सदस्यता ग्रहण नगरेको ब्यक्तिबाट संकटकालिन अवस्थामा सहयोगको निमित्त निवेदन आएमा कार्यसमितिको बैठकले निर्णय गर्नु छ।@

+छैटौ महाधिबेसन २०२० मा संसोधन गरीएको *छैटौ बार्षीक साधरण सभा २०१५ मा संसोधन गरीएको। #पाँचौ महाधिबेसनले संसोधन गरीएका @आठौ बार्षिक साधरण सभा २०१८ मा संसोधन गरीएको

(छ) यस संस्थाका सदस्यहरूलाइ संकटकालिन अवस्थामा कार्यसमितिको बैठकले निर्णय गर्ने छ ।

(ज) जेष्ठ नागरिकहरु र असक्त ब्यक्ति@हरुको हकमा, यस संस्थाको सदस्यता लिन चाहेमा वा सदस्यको ६० बर्ष पुगे पछिको आउदो महनिा देखि निजहरूलाई परिच्छेद ९ को "ख" र परिच्छेद १० को "क" मा तोकिएका शुल्कहरूमा ५० % प्रतिशत छुट हुने छ ।*

(ज) यस संस्थाको सदस्यता लिने ईच्छुक ब्यक्तिले आवश्यक परीचय पत्रसंग स्वयम ब्यक्ति उपस्थित भई दर्ता गर्नु सक्ने छ ।सो सदस्यको हकमा ३ महीना पछी मात्र परिच्छेद १० को "घ" र "ङ" लागु हुने छ । अन्य सुबिधाको लागी कार्य समितिको बैठकले अन्तिम निणय गर्ने छ ।@

(ञ) मृत्यु भएका र संकटकालिन परेका सदस्यलाई बिना कारण दुइ पटक भन्दा बडी सहयोग नगर्ने सदस्यलाई संस्थाको सुबिधाको परिच्छेद १० को "घ" र "ङ" लागु हुने छैन ।@

(ट) संस्थाको सुबिधा प्राप्त गर्नको लागी बिबरण सहित लिखित निबेदन समितिलाई अनिबार्य पेश गर्नु पर्ने छ ।@

## परिच्छेद ११

## बैठक, साधारणसभा तथा महाधिवेशन सम्बन्धि व्यवस्थाः

(क) बैठक :- कार्य समितिको बैठक कम्तिमा वर्षमा ४ पटक अनिवार्य बस्नु पर्ने छ । आकस्मिक बैठक सम्भव भएसम्म ४८ घण्टाभित्र बोलाउनु सकिने छ । कार्यसमितिको निर्णय बहुमतको आधारमा हुने छ ।अध्यक्षको मत निर्णायक हुने छ ।

(ख) वार्षिक साधारणसभा :- प्रत्येक वर्ष संस्था स्थापना भएको मितिले ३ महिनाभित्रमा वार्षिक साधारणसभा कार्यसमितिले आयोजना गर्नु पर्नेछ । सो सभामा वार्षिका कार्यप्रगति विवरण, आर्थिक विवरण र भावी कार्यक्रम प्रस्तुत गरि छलफल गरि पास गर्नु पर्ने छ ।

(ग) महाधिवेशन :- प्रत्येक तिन वर्षमा कार्यसमितिले महाधिवेशन बोलाउनु पर्ने छ । महाधिवेशनमा ३ वर्षको कार्यप्रगति विवरण र आर्थिक विवरण प्रस्तुत गरि छलफल गरि पारित गर्नु पर्ने छ । सो महाधिवेशनबाट परिच्छेद ६ अनुसारको ३ वर्षे कार्यकालको

@आठौ वार्षिक साधरण सभा २०१८ मा संसोधन गरीएको

कार्यसमितिको निर्वाचन सम्पन्न गर्नु पर्ने छ ।

घ) उप-समितिको गठन :-कार्यसमितिले आवश्यकता अनुसार उप-समितिहरू गठन गर्ने छ ।

## परिच्छेद १२

## पदाधिकारीहरूको काम, कर्तव्य र अधिकारः

पदाधिकारीहरूको काम, कर्त्तव्य र अधिकारहरू देहाय बमोजिम हुनेछः

(क) अध्यक्षको काम कर्तव्य र अधिकार :-

१) समिती र सभाको अध्यक्षता गर्ने, बैठक सञ्चालन गर्ने ।

२) निर्णयाक मत दिने ।

३) संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

४) आवश्यकता अनुसार बैठक बोलाउन महासचिव र@सचिवलाई निर्देशन दिने ।

५) अन्य पदाधिकारी एवं सदस्यहरूलाई कामको बाडफाड गर्ने ।

६) अभिलेख प्रमाणित गर्ने ।

७) दुई हप्ता भन्दा बढि समय वाहिर जानु परेमा उपाध्यक्षलाई कार्यवाहक अध्यक्षको अधिकार दिई जानु पर्ने छ ।

८) सचिवालयको@सल्लाह लिई बढिमा £१०० (एकसय पाउण्ड) सम्म अध्यक्षले खर्च गर्न सक्ने छ । सो को बिल भौचर सहित आउने वाला बैठकमा फछ्यौट गरि अनुमोदन गराउनु पर्ने छ ।परिच्छेद ५ को धारा “ख” अनुसार खर्च गर्ने अधिकार हुने छ ।@

(ख) उपाध्यक्षको काम कर्तव्य र अधिकार :-

१) अध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने ।

२) अध्यक्षलाई सहयोग गर्ने ।

@आठौ वार्षिक साधरण सभा २०१८ मा संसोधन गरीएको

(ग) महासचिवको काम कर्तव्य र अधिकार :-

१) संस्थाको गतिविधिहरूको बारेमा जनसमक्ष जानकारी गराउने र सार्वजानिक गर्ने अधिकार महासचिवको हुने छ।

२) संस्थाको आश्यकता अनुसार बिभीन्न संघ संस्था र निकायहरूसंग समन्वय र पत्राचार गर्ने छ।

३) संस्थाको प्रवक्ता, संवादाता जस्ताको जिम्मेवारी काम गर्ने।

४) अध्यक्ष र कोषाध्यक्षको सल्लाह लिई बढिमा £१०० पाउण्ड सम्म महासचिवले खर्च गर्न सक्ने छ। सो को बिल भौचर सहित आउनेवाला बैठकमा फछ्यौट गरि अनुमोदन गराउनु पर्ने छ। परिच्छेद ५ को धारा “ख” अनुसार खर्च गर्ने अधिकार हुने छ।@

(घ) सचिवको काम कर्तव्य र अधिकार :-

१) अध्यक्षको निर्देशन अनुसार जिम्मेवारी पुरा गर्नुको साथै बैठक, सभा बोलाउने।

२) संस्थाको दैनिक कार्य सञ्चालन गर्ने।

३) बैठक, सभामा अध्यक्षसंग छलफल गरि एजेन्डा र प्रतिबेदन तयार गरि कार्य समितिबाट पास गर्ने, अभिलेख दुरूस्त राख्ने।

४) दुई हप्ता भन्दा बढि समय वाहिर रहनु परेमा महासचिवलाई अधिकार दिई जानु पर्ने छ।

(ङ) कोषाध्यक्षको काम कर्तव्य र अधिकार :-

१) संस्थाको कोषको रेखदेख र कार्यसमितिको निर्णय अनुसार कोषको सञ्चालन गर्ने र सभाहरूमा आर्थिक प्रतिवेदन प्रस्तुत गर्ने।

२) नियमितरूपमा कोषका हरहिसाब चुस्तदुरूस्त राख्ने,@कोषको विकाश गर्ने कार्यमा दत्तचित्त रहने र बार्षिक साधरण सभा अगावै@लेखापरिक्षण गराउने।

३) अध्यक्षसंग परामर्श गरि आवश्यक कार्यहरू गर्ने।

@आठौ बार्षिक साधरण सभा २०१८ मा संसोधन गरीएको

४) संस्थाको चलअचल सम्पतिहरूको अभिलेख@राख्ने ।

(च) सह-कोषाध्यक्षको काम कर्तव्य र अधिकार :-

१) कोषाध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने ।

२) कोषाध्यक्षलाई सहयोग गर्ने ।

(छ) सदस्यहरूको काम कर्तव्य र अधिकार :-

१) बैठकमा सकृय सहभागि भई संस्थाको कार्यमा रचनात्मक भूमिका निर्वाह गरि कार्यसमितिले सुम्पिएको जिम्मेवारी पुरा गर्ने ।

(ज) गणपुरक संख्या :-

१) कार्यसमितिको बैठक, साधारणसभा र अधिवेशनमा ५१% भन्दा बढि सदस्यहरू उपस्थित भएमा मात्र बैठक सञ्चालन गर्न सकिने छ ।

२) कार्यसमितिको पदाधिकारी र सदस्यहरू समितिको बैठकमा लगातार दुई बैठकसम्म अनुपस्थित रहेमा आउनेवाला बैठकमा उपस्थित भई अनुपस्थितिको कारण देखाई स्पस्टिकरण पेश गर्नु पर्ने छ । कार्यसमितिलाई स्पस्टिकरण चित्तबुझ्दो नभए बैठकको बहुमतको निर्णय बमोजिम निजलाई कार्बाही हुने छ।

(झ) पदरिक्त :-

कुनै पदाधिकारी तथा सदस्यहरूको पद देहायको अवस्थामा रिक्त हुने छ ।

(१) मृत्यु भएमा ।

(२) राजिनामा स्वीकृत भएमा ।

(३) मानसिक सन्तुलन ठिक नभएमा ।

(४) यु. के.बाट नफर्कने गरि बाहिर जान पर्ने भए र राजिनामा स्वीकृत गराएमा ।

(५) संस्थाको आर्थिक हिनामिना गरेमा ।

(६) फौजदारी वा झुटो अभियोग लागेको ठहर भएमा ।

(ञ) राजिनामा :-

अध्यक्षको राजिनामा उपाध्यक्ष समक्ष, अन्य पदाधिकारी तथा सदस्यहरूको राजिनामा अध्यक्षसमक्ष पेश भई बहुमतबाट पारित भएको खण्डमा समितिले राजिनामा स्वीकृत गर्ने छ

(ट) पदपुर्ति :-समितिमा कुनै पद रिक्त रहन गएमा बाँकि अवधिका लागि पद पुर्ति गर्ने अधिकार कार्यसमितिलाई हुने छ ।

## परिच्छेद १३

## आर्थिक व्यवस्थाः

(क) संस्थाको कोष :-

संस्थाको आफ्नो छुट्टै कोष हुने छ र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरू जम्मा हुने छ ।

१) सदस्यहरूबाट प्राप्त सदस्यता शुल्क रकम,

२) कसैले स्वइच्छाले दिएको उदार अनुदान, सहायता वापत प्रप्त रकम,

३) संस्थाको चल अचल सम्पत्ति वा अन्य वस्तुको बिक्रीबाट प्राप्त रकम र संस्थाले सञ्चालन गरेका कुनै आयमुलक कार्यक्रमबाट प्राप्त हुने रकम ।

(ख) खाता सञ्चालन :-

संस्थाको बैंक खाता अध्यक्ष, महासचिव र कोषाध्यक्षको संयुक्त हस्तक्षरबाट सञ्चालन हुने छ

(ग) कोषको रकम खर्च गर्ने तरिका :-

कोषको रकम साधारणसभाले निर्देश गरे बमोजिम कार्यसमितिको निर्णय बमोजिम मात्र खर्च गर्न सकिने छ।

## परिच्छेद १४

## उमेद्वार हुने योग्यता

(क) उमेर १८ बर्ष पुगेका गोरखा नेपालीज#वेलफेयर सोसाईटी युकेका परिवारको शाखा सन्तानहरूले यस संस्थाको सदस्य शुल्क दश पाउण्ड असुली गरि निर्वाचनमा उमेद्वार वा मतदान गर्ने अधिकार हुने छ । सो अधिकार प्राप्तीका लागि परिच्छेद १० को धारा क, र ख, अनिवार्य लागू हुने छ । यस्तो अवस्थामा निर्बाचन मण्डल समक्ष मौलिक परिचय पत्र दाखिल गर्नु आवश्यक हुने छ ।

(ख) आजिवन र साधरण@सदस्यता शुल्क पूर्ण अशुल गरिसकेको।*

(ग) अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव र कोषाध्यक्ष उमेद्धारी हकदाबी गर्नेको हकमा एक कार्यअवधि कार्यसमितिमा योगदान गरेको सदस्यलाई प्राथमिकता दिइने छ ।

(घ) मानसिक सन्तुलन नगुमाएको, नैतिक पतन नदेखिने, फौजदारी र भ्रष्टचार अभियोगमा सजाय नपाएको ।

(ङ) देहायका प्रतिनिधिहरू संस्थाको कार्यसमितिमा उमेद्धार हुन योग्य हुने छैनन् ।

१) निर्बाचन आयोगका अध्यक्ष र सदस्यहरू।@

२) संस्थाको सदस्यता नलिएको, संस्थाको आजिवन सदस्यता शुल्क तिर्न छाडेका ब्यक्तिहरू।*

३) साधरण सदस्यता नबिकरण नगरेको र संस्था बिपरित कार्य गरेको प्रमाणित भएमा ।

## परिच्छेद १५

## निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संसोधन सम्बन्धी व्यवस्था:

(क) निर्वाचन संम्वन्धी ब्यावस्था :

१) कार्यसमितिको निर्वाचन प्रयोजनको लागि कम्तिमा तिन जनाको निर्वाचन समिति, कार्यसमितिको सहमतिद्वारा गठन गरिने छ ।

#पाँचौ महाधिवेसनले संसोधन गरीएको @आठौ बार्षिक साधरण सभा २०१८ मा संसोधन गरीएको

२) निर्वाचन समितिले प्रचलित कानूनको परिधिभित्र रहेर निर्वाचन कार्यविधि आफै ब्यावस्थित गर्ने छ ।

३) कुनै विबाद परे निर्वाचन समितिले गरेको निर्णय अन्तिम हुने छ । निर्वाचन सम्पन्न भए पछि निर्वाचन समिति स्वतः विघटन हुने छ ।

(ख) अविश्वासको प्रस्ताव :-

साधारणसभाको कुल सदस्यको एक चौथाई (१/४) सदस्यहरूले कुनै पदाधिकारी तथा सदस्य उपर अविश्वासको प्रस्ताव पेश भएमा उपस्थित सदस्यहरूको दुई तिहाई (२/३) बहुमतबाट अविश्वासको प्रस्ताव पारित भएमा प्रस्तावित पक्ष वा ब्यक्तिहरू पदमुक्त हुने छन ।

## आचार संहिता@

१. कार्य समितीको सम्पूर्ण सदस्यहरूको हकमा अनुसुची ४ लाई ब्यख्या गरी नियम बिनियम् लागू हुने छ ।@

२. बैठकमा सम्पूर्ण सदस्यहरूले मर्यादित र शिष्ट भाषा प्रयोग गर्ने ।

३. बैठकमा अश्लिल शब्द,गाली गलौच,मानहानी र ब्यक्तिगत चरित्र हत्य हुने खालको अभिब्यक्ति दिन पाईने छैन ।

४. संस्थाको बारेमा तोकिएको ब्यक्तिले मात्र आवश्यक सुचनाहरू सम्प्रेसन गर्न पाईने ।

५. संस्थाको सन्जालमा,अनैतिक,असान्दर्भिक,अपमानित र ब्यक्तिको चरित्र हत्य हुने खालको अभिब्यक्ति दिन पाईने छैन ।

६. संन्सोधन बिधानलाई अनुमोदन गर्दा उपस्थितीमा रहेका सदस्यज्युहरूले प्रस्ताव माथी प्रश्न गरे सरल,सहज र स्पष्ट ब्याख्या गरी दीने र सहमतीको सर्मथन माग्ने, यदी सहमती हुन नसके तुरुन्त प्रक्रियामा प्रवेश गर्ने ।

७. यो आचार संहिता गोरखा नेपलीज वेलफेयर सोसाईटी युकेको बैठक र सम्मेलनमा कार्य समितीले पालना गर्ने र गराउने छ ।

### अनुसुचि -१

संस्थाको लोगो

(क) गोलाकारमा निलो रंगभित्र अंग्रेजीमा GURKHA NEPALESE# WELFARE SOCIETY,UK, EST, 2007 भित्र गोलाईमा बेलायत र नेपालको झण्डा अगाडि क्रस खुकुरीमाथि हिमाल र दुई परेवाहरू एडिराखेको हुने छ ।

@आठौ वार्षिक साधरण सभा २०१८ मा संसोधन गरीएको

# अनुसुचि -२

## <u>संस्थाको छाप</u>

(क) संस्थाको छाप देहाय बमोजिमको लोगोभित्र अंकित भएको चिन्हहरू हुने छ :

# अनुसुचि -३

## <u>संस्थाको झण्डाको</u>

(क) झण्डाको रंग हल्का निलो, चारपाटे आकारको हुने छ ।

(ख) झण्डाभित्र बिचमा संस्थाको लोगो रहने छ ।




#पाँचौ महाधिबेसनले संसोधन गरीएको

# अनुसुचि -४

सपथ ग्रहण:

गोरखा नेपालीज#वेलफेयर सोसाईटी, युके

निर्वाचन मण्डल

शपथग्रहण

म .......................................... भगवानलाई साक्षी राखी शपथ लिन्छु कि गोरखा नेपालीज#वेलफेयर सोसाईटी, युकेको कार्यसमितिमा निर्वाचित ................................ को हैसियतले मलाई, तोकिएको काम मेरो तन, मन, वचन, कर्म र विवेकले जाने बुझ्रेसम्म ईमानदार भई यो संस्था र संस्थाका अन्य सदस्यहरू प्रति वफादार रही लोभ, लालज, नगरी गोपनीयता कायम राख्दै गोरखा वेलफेयर सोसाईटी, युकेको विधान २००७ को अधीनमा रही आफ्नो कर्तव्यको पालना गर्दै कार्य गर्नेछु ।

शपथ लिने व्यक्तिको हस्ताक्षर :........................ मितिः.......................

| | | | | |
|---|---|---|---|---|
| .................... | .......... | ........... | .......... | .......... |
| .निर्वाचन अध्यक्ष | सदस्य | सदस्य | सदस्य | सदस्य |

मितिः .............................

#पाँचौ महाधिबेसनले संसोधन गरीएको

# अनुसुचि-५@

**सदस्य फाराम**

# GURKHA NEPALESE WELFARE SOCIETY, UK

## MEMBERSHIP REGISTRATION FORM

| OFFICIAL USE ONLY | | | | | | |
|---|---|---|---|---|---|---|
| MEMBERSHIP NO. | GNWS/ | | | | | |
| TYPE OF MEMBERSHIP: | ORDINARY | | LIFE | | ASSOCIATE | |
| MEMBERSHIP FEE: | £10.00 | | | | | |
| PAYMENT METHOD: | | | | | | |
| DATE JOINED: | | | | | | |

**MEMBER'S DETAILS**

| | |
|---|---|
| NAME: Mr/Mrs | DOB: ------/--------/-------- |
| PROFESSION | MARITAL STATUS: |

**DEPENDANTS:**

| RELATIONSHIP | NAME | DOB | GENDER |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**ADDRESSES**

| ADDRESS IN THE UK: | | ADDRESS IN NEPAL: | |
|---|---|---|---|
| No/Street Name : | | City/village : | |
| City : | | V.D.C/Municipality | |
| County : | | Ward No : | |
| Post Code : | | District : | |
| Telephone No : | | Zone : | |
| Mobile No : | | Telephone No: | |
| E-mail Add : | | | |

**Signature:** ________________ **Date:** ..........................

**OFFICIAL USE ONLY**

**RECEIVED BY:**

| | |
|---|---|
| NAME: | |
| DATE: | SIGNATURE: |

*Information will be treated strictly confidential.*

*GURKHA NEPALESE WELFARE SOCIETY, UK*

@आठौ वार्षिक साधरण सभा २०१८ मा संसोधन गरीएको

# अनुसुचि -६@

## <u>निबेदन फाराम</u>

| | | | |
|---|---|---|---|
| Member Name: | | Membership No: | |
| Type of Member | | Apply Date: | |
| Signature: | | | |
| Particular: | | | |
| OFFICIAL USE ONLY | | | |
| Received By | | Signature: | |
| Date: | | | |
| Action: | | | |

@आठौ बार्षिक साधरण सभा २०१८ मा संसोधन गरीएको